# नेपाल राष्ट्र बैंक
## नेपालगन्ज कार्यालय

**तोडा चलान (Fund Transfer) को लागि हवाईजहाज भाडामा लिने बारे**
**सिलवन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५।०४।१४)

नेपाल राष्ट्र बैंक, नेपालगन्ज कार्यालयबाट जुम्ला, मुगु, हुम्ला र डोल्पा जिल्लास्थित वाणिज्य बैंकमा रहेका नोटकोषहरुमा आ. व. २०७५/७६ मा तोडाचलान (Fund Transfer) गर्ने कार्यको लागि हवाईजहाज भाडामा लिनुपर्ने भएकोले बैंकले तोकेका जिल्लाहरुमा हवाईजहाज भाडामा दिन इच्छुक एयरलाइन्स/कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनभित्र यस कार्यालयमा आईपुग्ने गरी सिलवन्दी बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

१ हवाईजहाज भाडाको लागि बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको ५.०० बजे भित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जबाट र को.ले.नि.कार्यालय नेपालगञ्जबाट रु.३,०००।- (रु.तीन हजार मात्र), (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२ प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको (सो दिन बिदा परे कार्यालय खोलेको पहिलो दिन) अपरान्ह १२.०० बजेभित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ, पेश भएका वोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा खोलिनेछ ।

३. बोलपत्र पेश गर्दा बोलपत्रदाताले विड वण्ड वापतको रकम रु.१,२०,०००।०० (रु.एक लाख बीस हजार मात्र) नेपाल राष्ट्र बैंक, नेपालगन्ज कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव २१०९९९/०११/००२/५२४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ वा सो रकम बरावरको यस बैंकलाई मान्य हुने बैंकको बैंक जमानत पेश गर्नु पर्नेछ ।

४. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ र यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको आन्तरिक प्रशासन फाँट (फोनः०८१ ५२०३२६)मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

५. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशन गरिएको छ ।

निर्देशक
नेपाल राष्ट्र बैंक
नेपालगन्ज कार्यालय